## हरेक दिन Poisons Information Centres (विषादी सूचना केन्द्र) ले साना बच्चाहरूलाई भेपको सम्पर्कमा आएको बारेमा जानकारी प्राप्त गर्छन्।

Poisons Information Centres ले दिनको 24 सै घण्टा, हप्ताको 7 दिन विशेषज्ञको सल्लाह प्रदान गर्दछ - 13 1126 मा फोन गर्नुहोस्।





## तपाईंको घर र गाडी धुवाँ र भेप मुक्त राख्नुहोस्।

यदि तपाईं धुम्रपान वा भेप सेवन गर्नुहुन्छ भने, तपाईंले आफ्नो स्वास्थ्य र तपाईंको बच्चाहरूको स्वास्थ्यको लागि गर्न सक्ने उत्तम उपाय भनेको धुम्रपान वा भेप सेवन छोड्नु हो। Quitline (क्विटलाईन) लाई 13 7848 मा फोन गर्नुहोस्।



NSW GOVERNMENT

2023 © NSW Health. SHPN (CPH) 240030-4

NSW GOVERNMENT

Keep young children safe around vapes

Nepali



# साना बच्चाहरूलाई भेपको वरिपरि सुरक्षित राख्नुहोस्

धेरै भेपहरू (जसलाई ई - सिगरेट पनि भनिन्छ) मा यसका लेबलहरूमा लेखिएको नभएतापनि निकोटिनको ठूलो मात्रा हुन्छ।

सानो बच्चा निकोटिनको थोरै मात्राबाट पनि मर्न सक्छ।

भेप साना बच्चाहरूको लागि धेरै आकर्षक हुन्छन् तर ति बाल - प्रतिरोधी हुँदैनन्।

यदि साना बच्चाहरूले भेप सासबाट लियो, निल्यो वा छालामा पोखियो भने त्यो उनीहरूका लागि खतरा हुन सक्छ।

साना बच्चाहरूको वरिपरि भेपहरू प्रयोग नगर्नुहोस्।





**भेपहरू सँधै बच्चाहरूको पहुँच बाहिर र बन्द गरेर राख्नुहोस्।**

यदि तपाईंलाई लाग्छ कि कुनै बच्चा भेपको सामग्रीको सम्पर्कमा आएको हुन सक्छ, वा उनले भेपजन्य सास तान्यो, निल्यो वा भेपको तरल पदार्थ छालामा पोखियो भने, विषादी सूचना केन्द्र लाई 13 1126 मा फोन गर्नुहोस्।

यदि उनीहरू बेहोस छन् वा सास फेर्दै छैनन् भने, तुरुन्त एम्बुलेन्सको लागि 000 मा फोन गर्नुहोस्।

**सानो बच्चा निकोटिनको थोरै मात्राबाट पनि मर्न सक्छ।**

उच्च निकोटीन मात्रा र खराब गुणस्तरको प्याकेजिङ्गको कारण भेपमा रहेको तरल विषाक्त हुने उच्च जोखिम हुन सक्छ।

भेपको सम्पर्कमा परेको वा प्रभावका सामान्य लक्षणहरू:

- खोकी लाग्ने
- बान्ता हुने
- निन्द्रा लाग्ने र
- सास फेर्न गाह्रो हुन

**भेपहरू र भेप तरल पदार्थहरू सुरक्षित रूपमा फ्याँक्नुहोस् जहाँ यसलाई बच्चाहरूले फेला पार्न सक्दैनन्।**